# सुसमाचार बाँड्नु



# सुसमाचार बाँड्नु

ग्लोबल युनिभर्सिटी

# सुसमाचार बाँड्नु
(Sharing the Good News)

लेखक : रेभ. डा. रबर्ट र इवेलिन बोल्टन
अनुवादक : रेभ. डा. बाल कृष्ण शर्मा
स्वयम्-अध्ययन पाठ्यपुस्तक

ग्लोबल युनिभर्सिटी

प्रकाशक : ग्लोबल युनिभर्सिटी

पो.ब.नं. ४२४५, काठमाडौँ, नेपाल

© २०१३ सर्वाधिकार सुरक्षित
ग्लोबल युनिभर्सिटी
काठमाडौँ, नेपाल ।

प्रति : २०००

Global University
First Edition 2013
Sharing the Good News

Published by
Global University
P.O.Box 4245
Kathmandu, Nepal.

# विषय सूची


पेज

पाठ्यपुस्तकको परिचय ........................................ ५

एकाइ एक : *जित्नुपर्ने संसार- आवश्यकतालाई देख्नु !*

पाठ

१ किन सुसमाचार प्रचार गर्ने ? ........................ १४
२ तपाईंले सुसमाचार प्रचार गर्न सक्नुहुन्छ ! ............ ३२
३ सुसमाचार बाँड्नका लागि एकसाथ काम गर्नु ........... ५०

एकाइ दुई : *प्राप्त गर्नुपर्ने शक्ति - सुसज्जित हुनु !*

४ जीवन परिवर्तन अनुभवलाई बुझ्नु .................... ७०
५ पवित्र आत्मामा भर पर्नु .............................. ८४
६ परमेश्वरको वचनमा भर पर्नु .......................... १०२

एकाइ तीन : *गर्नुपर्ने काम - संलग्न हुनु !*

७ जीवन परिवर्तन नभएकाहरूकहाँ पुग्नु .................. १२२
८ मुक्तिको मार्गलाई व्याख्या गरिदिनु ..................... १४२
९ निर्णयमा पुऱ्याउनु ...................................... १५८
१० नयाँ जीवन पाएकाहरूलाई चेला बनाउनु ............... १७४

शब्दकोश .................................................... १९२

स्वयम्-जाँचका उत्तरहरू ..................................... १९६

परिशिष्ट ...................................................... २०२

विद्यार्थी एकाइ प्रतिवेदनहरू .................................. २०९

उत्तरपृष्ठहरू .................................................. २२१

## ग्लोबल युनिभर्सिटी ख्रीष्टियान सेवा कार्यक्रम

ग्लोबल युनिभर्सिटी ख्रीष्टियान सेवा कार्यक्रमका १८ वटा पाठ्यपुस्तकहरूमध्ये यो एउटा पाठ्यपुस्तक हो। बायाँपट्टि दिइएको चिन्हले यो पुस्तकलाई कहिले पढिनुपर्छ भन्ने कुराको बोध गराउँछ। यी पाठ्यपुस्तकहरूलाई ६, ६ वटा पुस्तक गरी तीन खण्डमा विभाजित गरिएको छ। सुसमाचार बाँड्नु भनिने यो पुस्तक भाग २ को पहिलो पाठ्यपुस्तक हो। पाठ्यपुस्तकलाई उचित क्रममा अध्ययन गर्नाले तपाईंले यसबाट धेरै फाइदा उठाउन सक्नुहुनेछ।

खीष्टियान सेवा कार्यक्रमको अध्ययन विषयहरूलाई ख्रीष्टियान सेवकहरूले विशेषरुपमा प्रयोग गर्न सकून् भन्ने उद्देश्य राखी स्वयम्-अध्ययन प्रणालीको विकास गरी तयार पारिएको छ। यी पाठ्यक्रमहरूले विद्यार्थीहरूलाई व्यावहारिक ख्रीष्टियान सेवामा खाँचोपर्ने बाइबल ज्ञान र कुशलता प्रदान गर्नेछन्। तपाईंले यो पुस्तक प्रमाणपत्र पाउनलाई वा व्यक्तिगत उन्नतिको लागि अध्ययन गर्न सक्नुहुनेछ।

## ध्यान दिनुहोस्

कृपया पाठ्यपुस्तकको परिचयलाई बडो ध्यानपूर्वक पढ्नुहोस्। पाठ्यपुस्तकका उद्देश्यहरूकोल प्राप्तिको निम्ति तपाईंले यी सबै निर्देशनहरूलाई पालन गर्नु महत्वपूर्ण छ, र त्यसपछि विद्यार्थी प्रदिवेदनहरूका निम्ति तयारी हुनुहोस्।

यस पाठ्यपुस्तक सम्बन्धी सबै चिट्ठि-पत्रहरू ग्लोबल युनिभर्सिटीको ठेगानामा पठाउनुहोस्।

**ग्लोबल युनिभर्सिटी**

पो ब नं ४१४५, काठमाण्डौ, नेपाल

# पाठ्यपुस्तक परिचय

## कायम राख्नका लागि अति नै असल !

तपाईंको खीष्टियान दौडानमा तपाईंले अवश्य पनि विश्वास र भरोसाको अर्थलाई सिकिरहनुभएको छ । परमेश्वरका बालक र उहाँको महान् परिवारका अङ्गका रूपमा तपाईंको नयाँ सम्बन्धमा तपाईं खुशी हुनुहुन्छ तर प्रभुको निम्ति तपाईंले गर्न सक्नुहुने अझ केही धेरै कुराहरूको निम्ति तपाईंमा भएको भोक र इच्छाको पनि तपाईंले महसुस गरिरहनुभएको होला ।

तपाईंको मुक्ति “कायम राख्नका लागि अति नै असल” भएको हुनाले, तपाईंले आफ्नो साक्षी अरूहरूसँग बाँडिसक्नुभएको छ । यो त तपाईंले गर्नैपर्छ, तर तपाईंले तिनीहरूलाई साधारण र स्पष्ट प्रकारले मुक्तिको सन्देश पनि दिन सक्नैपर्ने हुन्छ । प्रश्नहरू सोध्नेहरूलाई वा मुक्तिदाता र प्रभुका रूपमा येशू खीष्टलाई ग्रहण गर्न कठिनाइको अनुभूति गरिरहेकाहरूलाई जवाफ दिनका लागि तपाईंलाई सक्षम तुल्याउन बाइबलका खण्डहरूलाई तपाईंले कण्ठ गर्नु भई कुनै पनि बेला त्यसलाई प्रयोग गर्न सक्ने हुनुपर्छ ।

अरूहरूलाई बुझ्नका लागि सजिलो हुने शब्दहरूमा तपाईंले जान्नुभएका कुराहरूलाई राख्न यस अध्ययनले तपाईंलाई सहयोग पुऱ्याउनेछ । मित्रहरू, छिमेकीहरू र मौकाले भेटिएका व्यक्तिहरूलाई सुसमाचार सुनाई खीष्टलाई ग्रहण गर्न लगाउन प्रभुले विभिन्न पृष्ठभूमिका विश्वासीहरूलाई कसरी मद्दत गर्नुभयो भन्ने कथाहरूले उहाँले तपाईंलाई पनि प्रयोग गर्न सक्नुहुन्छ भनी उहाँमाथि विश्वास गर्ने प्रेरणा प्रदान गर्छन् । निरन्तर रूपमा रहिरहने सुसमाचार प्रचारमा अरूहरूलाई जित्नका लागि तपाईंले जित्नुभएकाहरूलाई तपाईंले उत्साह दिनुहँदा तपाईंले यस पुस्तकलाई घरीघरी प्रयोग गर्नुहुनेछ ।

## पाठ्यपुस्तकको विवरण

सुसमाचार बाँड्नु नामक यो पाठ्यपुस्तक आत्मा जित्ने महत्वपूर्ण सेवामा भएको एक व्यावहारिक पाठ्यपुस्तक हो । मुख्य गरी स्थानीय मण्डलीमा भएका सेवकहरूका निम्ति लेखिएको यो पुस्तक सुसमाचार बाँड्ने कामको यसलाई-कसरी-गर्ने भन्ने अध्ययनसँग सम्बन्धित छ । मुक्तिदाता र प्रभुका रूपमा मानिसहरूले येशू ख्रीष्टमा कसरी भरोसा गर्न सक्छन् भन्ने सम्बन्धमा ती मानिसहरूलाई अगुवाइ गर्नका लागि विद्यार्थीहरूलाई सिकाउने उद्देश्य यसमा राखिएको छ । व्यक्तिगत आत्माहरू कसरी जित्ने भन्ने सम्बन्धमा अरूहरूलाई सिकाउनका लागि विद्यार्थीहरूलाई मद्दत पुऱ्याउने किसिमले यसको निर्माण भएको छ। जीवन परिवर्तनहरूलाई प्रभावकारी बनाउनका लागि पवित्र आत्मा र परमेश्वरको वचनको शक्तिशाली सेवालाई विशेष जोड दिइएको छ ।

## पाठ्यपुस्तकका उद्देश्यहरू

यस पाठ्यपुस्तकको अध्ययनपछि तपाईंले :

१. जीवन परिवर्तन अनुभवको सामान्य नतिजाको रूपमा सुसमाचार प्रचारलाई बुझ्न सक्नुपर्नेछ ।
२. संलग्न हुनुपर्ने सुसमाचार प्रचारका खास किसिमलाई छान्न सक्नुपर्नेछ ।
३. सुसमाचारीय क्रियाकलापहरूमा औजारको रूपमा बाइबललाई प्रयोग गर्न सक्नुपर्नेछ ।
४. सुसमाचार प्रचारमा पवित्र आत्माको कामप्रति कृतज्ञ हुन सक्नुपर्नेछ ।

## पाठ्यपुस्तकहरू

तपाईंले रबर्ट र इवेलिन बोल्टनद्वारा लिखित सुसमाचार बाँड्नु, स्वयम्-अध्ययन पाठ्यपुस्तकलाई यस पाठ्यक्रमको निम्ति पाठ्यपुस्तक र अध्ययन सहयोगी दुवैका रूपमा प्रयोग गर्नुहुनेछ। तपाईंलाई आवश्यक पर्ने अर्को पुस्तकचाहिँ केवल बाइबल मात्र हो । यस पाठ्यपुस्तकमा उद्धरण गरिएका खण्डहरू "नेपाल बाइबल सोसाइटीद्वारा प्रकाशन गरिएको संशोधित बाइबल १९९७" बाट हो ।

## अध्ययन समय

प्रत्यक पाठ अध्ययन गर्नको निम्ति कति समय लाग्छ, सो यस विषय शुरु गर्नभन्दा पहिल्यै तपाईंले प्राप्त गर्नुभएको यस विषय सम्बन्धी ज्ञान र तपाईंको

खुबीमा भरपर्छ र यदि तपाईंले पुस्तकमा दिइएका सबै निर्देशनहरू ठीक प्रकारले पालन गरी अध्ययन गर्नुभयो भने थोरै समयमा तपाईंले धेरै पाठहरू पनि अध्ययन गर्नसक्नुहुन्छ । तपाईंले आफ्नो अध्ययन समय-तालीका बनाउनुहोस् र लेखकले पाठ्यपुस्तकमा राखेका उद्देश्यहरू र तपाईंको आफ्नै व्यक्तिगत उद्देश्यमा पुग्नको निम्ति पनि अध्ययनको लागि प्रशस्त समय दिनुहोस् ।

## पाठ संगठन र अध्ययन नमूना

प्रत्येक पाठमा यी भागहरू संलग्न गरिएका छन् : १. पाठको शीर्षक, २. शुरुको वाक्य, ३. पाठको रुपरेखा, ४. पाठका उद्देश्यहरू, ५. सिक्ने क्रियाकालापहरू, ६. मुख्य शब्दहरू, ७. अध्ययन प्रश्नहरूसहित पाठको विकास, ८. स्वयम्-जाँच, ९. अध्ययन प्रश्नहरूका उत्तरहरू ।

पाठको रुपरेखा र उद्देश्यले तपाईंलाई विषयको परिचय, मुख्य कुराहरूमा ध्यान, र तपाईंले के कुरा सिक्नुपर्छ सो बताउँछन् । यस पाठ्यपुस्तकको पाठ विकासले विषयवस्तुलाई एकएक गरी अध्ययन गर्न सजिलो पार्छ । तपाईंले जहिले समय पाउनुहुन्छ, यस पाठ्यपुस्तकलाई खण्ड-खण्ड गरी अध्ययन गर्न सक्नुहुन्छ र यसरी पूरै पाठ एकै चोटि सक्ने समय नपाउन्जेलसम्म पर्खिरहनुपर्दैन । पाठका उद्देश्यहरू प्राप्त गर्नको निम्ति तपाईंलाई सहायता पुऱ्याउन यस पाठ्यपुस्तकमा टिप्पणीहरू, अभ्यासहरू र उत्तरहरू संलग्न गरिएका छन् ।

पाठ विकासमा भएका केही अध्ययन प्रश्नहरूका उत्तरहरूलाई यसै स्वयम्-अध्ययन पाठ्यपुस्तकमा भएका खाली ठाउँमा नै लेख्न सकिन्छ र अन्य प्रश्नहरूका उत्तरहरूचाहिँ अर्कै अध्यास पुस्तिकामा लेखिनुपर्छ । तपाईंले एकाइ मूल्याङ्कन्हरू गर्नुहुँदा यसले तपाईंलाई सहायता पुऱ्याउनेछ ।

तपाईंले आफ्नै उत्तरहरू दिनुभन्दा पहिले पाठ्यपुस्तकमा दिइएका उत्तरहरूलाई नहेर्नुहोस् । यदि तपाईंले आफ्नै उत्तरहरू दिनुभयो भने, तपाईंले अध्ययन गर्नुभएको कुरालाई अझै राम्रोसँग आफ्नो मनमा राख्नसक्नुहुन्छ । अध्ययन प्रश्नहरूका उत्तरहरू दिनुभएपछि, पाठको अन्त्यमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूलाई दाँज्नुहोस् । तपाईंले बेठीक गर्नुभएका उत्तरहरूलाई ठीक गर्नुहोस् । उत्तरहरूलाई क्रमिक रुपमा दिइएका छैनन् र यसरी तपाईंले अर्को उत्तरलाई सजिलै हेर्न सक्नुहुन्न ।

यी प्रश्नहरू धेरै महत्वपूर्ण छन् । तपाईंको ज्ञान र ख्रीष्टियान सेवालाई विकास र उन्नति गर्न तिनीहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन् । प्रस्तावित क्रियाकलापहरूले तपाईंलाई सिद्धान्तबाट व्यवहारमा जानका लागि सहायता पुऱ्याउनेछन् ।

## अध्ययन प्रश्नहरूलाई कसरी उत्तर दिने

यस अध्ययन पुस्तिका सहयोगीमा विभिन्न किसिमका अध्ययन प्रश्नहरू समावेश गरिएका छन् तल विभिन्न उदाहरणहरूसहित कसरी उत्तर दिनुपर्छ सो उल्लेख गरिएको छ ।

ठीक उत्तर चुन्नुपर्ने प्रश्नले तपाईंलाई दिइएका विभिन्न उत्तरहरूबाट ठीक उत्तर चुन्न लगाउँछ ।

ठीक उत्तर चुन्ने प्रश्नको उदाहरण

**१** बाइबलमा कतिवटा पुस्तकहरू छन् ?

क. १०० पुस्तकहरू

ख. ६६ पुस्तकहरू

ग. २७ पुस्तकहरू

ठीक उत्तरचाहिँ ६६ वटा पुस्तकहरू हो । यहाँ तल देखाइएकोजस्तै तपाईंको अध्ययन सहयोगी पुस्तिकामा ख को वरिपरि घेरा लगाउनुहोस् ।

**१** बाइबललमा कतिवटा पुस्तकहरू छन् ?

क १०० पुस्तकहरू

(ख) ६६ पुस्तकहरू

ग २७ पुस्तकहरू

(कुनै कुनै ठीक उत्तर छान्ने प्रश्नमा एकभन्दा बढी उत्तरहरू ठीक हुनसक्छन् । यदि यस्तो छ भने ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।)

ठीक बेठीक प्रश्नहरूले तपाईंलाई दिइएका वाक्यहरूबाट कुन कुन ठीक हुन् सो छान्न लगाउँछ ।

ठीक बेठीक प्रश्नको उदाहरण

**२** तल दिइएका कुन कुन बयानहरू ठीक छन् ?

क बाइबलमा जम्मा १२० वटा पुस्तकहरू छन् ।

(ख) बाइबल आजका विश्वासीहरूका निम्ति परमेश्वरको सन्देश हो ।

ग बाइबलका लेखकहरू सबैले हिब्रू भाषामा लेखे ।

(घ) बाइबल लेख्ने व्यक्तिहरूलाई पवित्र आत्माले प्रेरणा दिनुभएको थियो ।

माथि दिइएका बयानहरूमध्ये **ख** र **घ** ठीक छन् । माथि देख्नुभएजस्तै तपाईंले छान्नुभएका दुइ अक्षरहरूमा घेरा लगाउनुहोस् ।

*जोडा मिलाउने* प्रश्नले तपाईंलाई दिइएका मिल्दोजुल्दो कुराहरूबाट ठीक कुरा मिलाउन लगाउँछ । जस्तैः नामहरूसँग वर्णन अथवा बाइबलका पुस्तकहरूसँग तिनीहरूका लेखकहरूको जोडा मिलाउन सकिन्छ ।

*जोडा मिलाउने प्रश्नको उदाहरण*

३ प्रत्येक बयानको अगाडि अगुवाले गरेको कामको वर्णनमा उसको संख्या लेख्नुहोस् ।

**१** **क** सीनै पर्वतमा व्यवस्था पाएको — १) मोशा

**२** **ख** इस्राएलीहरूलाई यर्दन नदी पार गराएको — २) यहोशू

**२** **ग** यरीहोको शहरको वरिपरि घुमेको

**१** **घ** फारो राजाको दरवारमा बसेको

**क** र **घ** मा दिइएको बयान मोशाको जीवनसँग र **ख** र **ग** मा भएको बयान यहोशूसँग मिल्छ । माथि देखाएजस्तै तपाईंले **१** संख्या **क** र **घ** को पछाडि र **२** संख्या **ख** र **ग** को पछाडि लेख्न सक्नुहुन्छ ।

## यस पाठ्यपुस्तकलाई अध्ययन गर्ने तरीकाहरू

यदि तपाईंले आफैले नै यस ग्लोबल युनिभर्सिटी पाठ्यपुस्तकलाई अध्ययन गर्नुभयो भने हुलाकद्वारा नै तपाईंले यसलाई पूरा गर्नसक्नुहुन्छ । तपाईं आफैले नै अध्ययन गर्नसक्नुहोस् भन्ने हेतुले ग्लोबल युनिभर्सिटीले यस पाठ्यपुस्तकलाई तयार गरेको भए पनि तपाईंले समूह वा कक्षामा पनि यसलाई अध्ययन गर्नसक्नुहुन्छ । यदि तपाईंले यस पाठ्यपुस्तकलाई समूह वा कक्षामा अध्ययन गर्नुभयो भने, यस

पाठमा भएकाभन्दा अझ धेरै निर्देशनहरू तपाईंका शिक्षकले दिनुहुन्छ होला । यदि यसो हो भने उहाँका निर्देशनहरूलाई पालन गर्नुहोस् ।

हुनसक्छ तपाईंले यस पाठ्यपुस्तकलाई घरेलु बाइबल अध्ययनमा, मण्डलीको कक्षामा, वा बाइबल स्कूलमा प्रयोग गर्नचाहनुहुन्छ होला । यी उद्देश्यहरूका निम्ति विषयवस्तु र अध्ययन प्रणाली अति नै उपयुक्त छन् भन्ने कुरा तपाईंले देख्नुहुनेछ ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाणपत्र प्राप्त गर्नका निम्ति अध्ययन गरिरहनु भएको छ भने तपाईंले विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिका भन्ने छुट्टै पुस्तक पाउनुभएको होला । यस पुस्तिकामा दुइ खण्डहरू छन् । प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहयोगी पुस्तिकाले बताउँछ ।

ग्लोबल युनिभर्सिटी कार्यालयमा पठाउनका लागि दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस् ।

## प्रमाणपत्र

तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशकद्वारा यस पाठको समाप्ति र अन्तिम विद्यार्थी प्रतिवेदन छनोटपछि तपाईंलाई सुन्दर प्रमाणपत्र पठाइनेछ ।

## यस पुस्तकका लेखक/लेखिका

यस पाठ्यपुस्तकका लेखकहरू रबर्ट र इवेलिन बोल्टन दुवै मिशनरी आमाबाबुका सन्तान हुनुहुन्छ । श्रीमान् र श्रीमती बोल्टनका दुइ छोरीहरू छन् । रबर्ट चीनमा जन्मेका अदा र लियोनार्ड बोल्टनका छोरा हुनुहुन्छ, जसले ३७ वर्षसम्म चीन, बर्मा, बंगलादेश र जमयिकामा मण्डलीहरू स्थापना गर्ने सेवा गर्नुभएको थियो । इवेलिनचाहिँ लिडिया र फ्रेडेरिक बुर्ककी छोरी हुनुहुन्छ । ब्रुकचाहिँ अल अफ्रिका थियोलोजी स्कूलका स्थापक हुनुहुन्छ, योचाहिँ अफ्रिकी अगुवाहरूका लागि मुख्य पत्राचार स्कूल हो उहाँहरूले स्प्रिङ्गफिल्ड मिशौरीमा रहेको सेन्ट्रल बाइबल कलेजमा अध्ययन गर्नुभएको छ र रबर्टले फुल्लर थियोलोजिकल सेमिनरी क्यालीफोर्नियाबाट एमए प्राप्त गर्नुभएको छ । रबर्टले ट्रिनिटी इभान्जेलिकल स्कूल अफ डिभिनिटीबाट

पनि डाक्टर अफ मिशियोलोजी प्राप्त गर्नुभएको छ। उहाँहरूले एसेम्ब्लीज अफ अग वर्लड् मिशन अन्तरगत सेवा गर्नुभएको थियो।

## तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशक

तपाईंलाई सहायता पुऱ्याउनका निम्ति तपाईंका निर्देशक सधैंभरि इच्छुक हुनुहुन्छ। यदि कुनै पाठ वा विद्यार्थी प्रतिवेदन सम्बन्धी तपाईंमा केही प्रश्नहरू छन् भने, तपाईंले उहाँसँग प्रश्न सोध्नसक्नुहुन्छ। यदि धेरै व्यक्तिहरूले मिलेर यस पाठलाई अध्ययन गर्ने विचार गर्नुभएको छ भने, समूह अध्ययनको बन्दोबस्त मिलाउनका लागि उहाँसँग विन्ती गर्नुहोस्।

सुसमाचार बाँडनु भनिने यस पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरुन्। यस अध्ययनले तपाईंको आत्मिक जीवनको वृद्धिको साथसाथै खीष्टियान सेवामा पनि सहायता पुऱ्याई खीष्टको शरीरमा तपाईंको जिम्मेवारी बुझ्नलाई सहायता पुऱ्याउनेछ।